# सूर्योदय नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) सम्बन्धमा व्यस्था गर्न बनेको पहिलो संशोधन नियमावली २०७७

प्रमाणिकरण मितिः२०७४।४।२०
पहिलो संशोधन प्रमाणिकरण मितिः

**प्रस्तावना**

सूर्योदय नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) सम्बन्धमा व्यस्था गर्न बनेको नियमावली २०७४ लाई परिमार्जन तथा संशोधन गर्दै समय अनुकुल गतिशिल बनाउन वान्छनिय भएकोले सूर्योदय नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली  पहिलो संशोधन २०७७ तर्जुमा गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो नियमावलीको नाम सूर्योदय नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) सम्बन्धमा व्यस्था गर्न बनेको पहिलो संशोधन नियमावली २०७७ हुनेछ।

ख) योनियमावली सूर्योदयनगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति बाट लागू हुनेछ ।

२. यस नियमावलीको कार्यकारी अधिकृत भन्ने शब्द हटाई प्रमुख प्रशासकिय अधिकृत भन्ने शब्द राखिएको छ ।

३. यस नियमावलीको परिच्छेद २ को नियम ३ को उपनियम १ मा कार्यपालिकाले बनाएको नियम कार्यपालिकाको बैठकबाट स्वीकृत भए पछी  प्रमुखले प्रमाणिकरण गर्ने छ भनिएकोमा सो वाक्यांस हटाई नगरसभाले  बनाएको ऐन नगरसभाबाट स्वीकृत भएपछी नगर प्रमुखले प्रमाणि करण गर्नेछ भन्ने वाक्यांश राखिएको छ ।

४. यस नियमावलीको नियम ३ को उपनियम ४ मा जानकारीका लागी भन्ने शब्द पछाडी सूर्योदय नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित गरी भन्ने वाक्यांश थप गरिएको छ ।

५. यस नियमावलीको नियम ८ को उपनियम २ मा शाखा प्रमुखले भन्ने शब्द हटाई सूचना अधिकृतले भन्ने शब्द राखिएको छ ।